# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

## राष्ट्रिय सूचना आयोगमा सम्पन्न पत्रकार सम्मेलनको
## प्रेस विज्ञप्ति

सूचनाको हकको संरक्षण, संबर्द्धन र प्रचलन गर्न गराउन स्थापित राष्ट्रिय सूचना आयोगले सूचनाको हकलाई संघदेखि स्थानीय तह सम्मका सार्वजनिक निकाय, नागरिक तथा सूचनाको हकका अभियन्तासम्म पुऱ्याउने तथा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्न गराउन उत्प्रेरित गराउने गरेको छ । नेपालको संविधानले तीन तहको शासकीय संरचनाको व्यवस्था गरे बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा संशोधन गरी प्रदेश तथा स्थानीय तहमा रहेका सार्बजनिक निकायहरूलाई पनि यसको कार्यक्षेत्रभित्र परेपश्चात् यसरी प्रदेश तथा स्थानीय तहमा गठन हुने सार्बजनिक निकायहरूमा सूचनाको हकको प्रभावकारी कार्यान्वयन गराई संविधानले कायम गरेको सार्वजनिक निकायमा हने सूचनामा सर्वसाधारण नागरिकको पहुँच पुऱ्याई सुशासनको अनुभूति दिनुपर्ने चुनौती थपिएको छ। यी यस्तै चुनौती तथा अवसरको सदुपयोग गर्दै सूचनाको हक कार्यान्वयनमा उल्लेखनीय योगदान पुऱ्याउन आयोग आगामी पञ्चवर्षीय रणनीतिक योजनाको तयारीमा लागेको छ ।

१. स्थानीय तहमा निर्वाचित भएर आउने नवनिर्वाचित जनप्रतिनिधिहरूलाई नागरिक प्रति जिम्मेवार, जवाफदेही र पारदर्शी तथा सूचनाको हकको कार्यान्वयनमा प्रतिबद्ध हुन आयोगका तर्फबाट स्थानीय तहका प्रमुख/अध्यक्षका नाममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत बधाई तथा शुभकामनाका साथै देहाय बमोजम गर्न गराउन सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आदेश जारी गरिएको छ ।

२. प्रचलित कानून बमोजिम दर्ता भएका सबै राजनीतिक दलहरूलाई विगतमा भएका आदेशहरूको स्मरण गराउँदै देहाय बमोजिम गर्न गराउन लेखी पठाएको छ ।

   १) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ६ को उपदफा (१) र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम २४(क) बमोजिम सूचना अधिकारी तोक्ने र त्यस्तो सूचना अधिकारीको नाम, पद, सम्पर्क नम्बर (ल्याण्डलाइन र मोबाइल), इमेल, कोठा नं. सार्वजनिक गर्ने ।

   २) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (४) बमोजिम उपदफा (३) बमोजिमको सूचना प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने ।

   ३) सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (४) बमोजिमको दायित्व निर्वाह गर्ने ।

   ४) सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम कुनै पनि नेपाली नागरिक सूचना माग गर्न आएमा सहज र सरल रूपमा स्पष्ट बुझिने गरी तोकिएको समयभित्र सूचना उपलब्ध गराउने ।

३. संघीय, प्रदेश तथा स्थानीय निकाय अन्तर्गतका सबै तालीम प्रदायक संस्थाहरूले तालीम सम्बन्धी पाठ्यकम बनाउँदा सूचनाको हकसम्बन्धी व्यवस्था पनि समावेश गर्ने सहमति भएकोमा सबै तालीम प्रदायक संस्थाहरूबाट निश्चित ढाँचामा प्रगति तथा आगामी योजना माग गरिएको छ ।

४. सूचनाको हकसम्बन्धी राष्ट्रिय रणनीतिक योजनाको मस्यौदामा सुझाव प्राप्त गर्नको लागि आयोगको वेवसाइटमा ३० दिनसम्म राख्ने र त्यसपछि नियमानुसार प्रकृया अघि बढाउने । राय/सुझावका लागि सञ्चार मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालयमा लेखी पठाएको छ ।

# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

५. आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनलाई निश्पक्ष, स्वच्छ, पारदर्शी र जिम्मेवार बनाउन तथा मतदाताले अधिकतम् जानकारी पाउने वातावरण बनाउन निर्वाचनका लागि उम्मेदवारले पेश गर्ने मनोनयन पत्र तथा संलग्न कागजातहरू सर्वसाधारण मतदाताले पनि जानकारी पाउने गरी सार्वजनिक गर्ने व्यवस्था गर्ने । साथै, निर्वाचन सम्पन्न भए पश्चात कानून बमोजिम उम्मेदवारले पेश गरेको निर्वाचन खर्चको विवरण सार्वजनिक गर्ने व्यवस्था गर्ने गरी निर्वाचन आयोगलाई सुझाव दिएको छ ।

६. यस आयोगबाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२(१) बमोजिम सूचना नदिने क्रमशः राजपुर नगरपालिकाको कार्यालय, रौतहटका कार्यालय प्रमुख (प्रमुख प्रशासकीय अधिकृत) बैंजु ठाकुरलाई रु. १०,०००।- र त्रि. वि., परीक्षा नियन्त्रण कार्यालय, बल्खुका कार्यालय प्रमुख (परीक्षा नियन्त्रक) पुष्पराज जोशीलाई रु. २०,०००।- जरिवाना गरिएको थियो ।

कमला ओली थापा
प्रवक्ता
सूचना आयुक्त

मिति २०७९ असोज ०९ गते आइतबार ।